अनुसूची-२

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)



चुमनुब्री गाउँपालिका

स्थानीय राजपत्र

खण्ड : ९ संख्या : २४ मिति : २०८३/०६/१३

भाग-२

विपन्न घरपरिवार जस्ता छाउने कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

चुमनुब्री गाउँपालिका
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश

प्रस्तावना

चुमनुब्री गाउँपालिकाभित्र आर्थिक रूपमा विपन्न तथा आवासीय जोखिममा रहेका घरपरिवारको सुरक्षित आवासमा पहुँच अभिवृद्धि गर्न, जीर्ण तथा चुहिने छाना भएका घरमा जस्ता छाना निर्माण/परिवर्तन गर्न सहयोग पुऱ्याउने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) बमोजिम यो कार्यविधि बनाई लागू गरिएको छ।

परिच्छेद—१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम "विपन्न घरपरिवार जस्ता छाउने कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "गाउँपालिका" भन्नाले चुमनुब्री गाउँपालिका सम्झनुपर्छ।

(ख) "कार्यक्रम" भन्नाले विपन्न घरपरिवार जस्ता छाउने कार्यक्रम सम्झनुपर्छ।

(ग) "लाभग्राही" भन्नाले यस कार्यविधिबमोजिम छनोट भएको विपन्न घरपरिवार सम्झनुपर्छ।

(घ) "जस्ता" भन्नाले गाउँपालिकाले स्वीकृत गरेको प्राविधिक मापदण्डबमोजिमको छाना छाउन प्रयोग हुने जस्ता पाता तथा आवश्यक सहायक सामग्री सम्झनुपर्छ।

(ङ) "क्रमागत कार्यक्रम" भन्नाले एक आर्थिक वर्षमा सुरु भई बजेट तथा कार्यक्रमको निरन्तरताका आधारमा आगामी आर्थिक वर्षमा समेत कार्यान्वयन गर्नुपर्ने कार्यक्रम सम्झनुपर्छ।

परिच्छेद—२
कार्यक्रम सञ्चालन

३. उद्देश्य

कार्यक्रमका उद्देश्य देहायबमोजिम हुनेछन्‘

(क) अति विपन्न परिवारको सुरक्षित आवासमा सहयोग पुऱ्याउने।

(ख) जीर्ण, चुहिने तथा असुरक्षित छाना भएका घरको छाना सुधार गर्ने।

(ग) विपद् तथा मौसमजन्य जोखिमबाट विपन्न परिवारलाई संरक्षण गर्ने।

(घ) लक्षित वर्गमा सामाजिक न्याय र समान पहुँच सुनिश्चित गर्ने।

४. कार्यक्रम सञ्चालनको आधार

(१) कार्यक्रम गाउँपालिकाको स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेटको सीमाभित्र सञ्चालन हुनेछ।

(२) कार्यक्रम सञ्चालन गर्दा प्रचलित सार्वजनिक खरिद, आर्थिक कार्यविधि, लेखा, सुशासन तथा अन्य सम्बन्धित कानूनको पालना गर्नुपर्नेछ।

(३) लाभग्राहीलाई नगद उपलब्ध गराउने भन्दा आवश्यक जस्ता तथा स्वीकृत सामग्री उपलब्ध गराउनेलाई प्राथमिकता दिइनेछ।

(४) एकै घरपरिवारलाई एउटै प्रयोजनका लागि दोहोरो सरकारी सहायता उपलब्ध गराइने छैन।

परिच्छेद—३
सूचना, आवेदन तथा लाभग्राही छनोट

५. सूचना आह्वान

(१) कार्यक्रम सञ्चालनका लागि वडा कार्यालयले कम्तीमा १५ दिनको समय दिई वडा कार्यालय, गाउँपालिकाको सूचना पाटी तथा उपलब्ध अन्य माध्यमबाट सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(२) सूचनामा कम्तीमा देहायका विषय उल्लेख गर्नुपर्नेछ‘

- कार्यक्रमको नाम तथा उद्देश्य;

- लाभग्राहीको योग्यता;
- आवश्यक कागजात;
- आवेदन दिने स्थान र अन्तिम मिति;
- लाभग्राही छनोटका आधार;
- उपलब्ध सहायता/सामग्रीको प्रकृति;
- अन्य आवश्यक विवरण।

६. लाभग्राहीको योग्यता

देहायका परिवार लाभग्राही हुन सक्नेछन्‘

(क) चुमनुब्री गाउँपालिकाको स्थायी बासिन्दा भएको;

(ख) आर्थिक रूपमा विपन्न भएको;

(ग) घरको छाना जीर्ण, चुहिने वा असुरक्षित भएको;

(घ) आफ्नै स्रोतबाट छाना सुधार गर्न असमर्थ भएको;

(ङ) सोही प्रयोजनका लागि अन्य सरकारी निकायबाट पछिल्लो १० वर्षभित्र सहायता नलिएको;

(च) गाउँपालिकाले तोकेको अन्य मापदण्ड पूरा गरेको।

७. आवेदन

लाभग्राहीले **अनुसूची—१** बमोजिमको आवेदन सम्बन्धित वडा कार्यालयमा पेश गर्नुपर्नेछ।

आवेदनसँग देहायका कागजात संलग्न गर्नुपर्नेछ‘

(क) नागरिकताको प्रतिलिपि;

(ख) घरको छानाको अवस्था देखिने फोटो;

(ग) अपाङ्गता/ज्येष्ठ नागरिक भए सोसम्बन्धी परिचयपत्रको प्रतिलिपि;

(घ) आवश्यक अन्य प्रमाण।

परिच्छेद—४
मूल्याङ्कन तथा छनोट

८. मूल्याङ्कन तथा छनोट समिति

लाभग्राही छनोटका लागि देहायबमोजिमको समिति रहनेछः

१. वडा अध्यक्ष	संयोजक
२. वडा सदस्य सबै	सदस्य
३. सम्बन्धित वडाको प्राविधिक कर्मचारी	सदस्य
४. प्रमुख राजनीतिक दलका प्रतिनिधी एक/एक जना	सदस्य
५. वडा सचिव	सदस्य सचिव

तर, गाउँपालिकाले एकभन्दा बढी वडा समेटी कार्यक्रम सञ्चालन गर्ने अवस्थामा गाउँपालिका स्तरीय मूल्याङ्कन तथा अनुगमन समिति गठन गर्न सक्नेछ।

९. मूल्याङ्कनका आधार

लाभग्राहीको मूल्याङ्कन देहायबमोजिमको आधारमा गरिनेछः

क्र.सं.	मूल्याङ्कनको आधार
१	आर्थिक विपन्नता
२	घरको छाना अत्यन्त जीर्ण/चुहिने/असुरक्षित
३	अपाङ्गता भएका व्यक्ति/असहाय ज्येष्ठ नागरिक भएको
४	परिवारको आकार तथा आश्रित सदस्यको संख्या
५	विपद्/हिमपात/वर्षा आदिको उच्च जोखिम
६	विगतमा सरकारी आवास सहायता नपाएको

(१) मूल्याङ्कन समितिले बार्षिक स्विकृत बजेटको सिमा र लागत अनुमानको आधारमा लाभग्राही संख्या छनौट गर्न सक्नेछ ।

(२) मूल्याङ्कन समितिले आवश्यक परे स्थलगत निरीक्षण गरी प्राथमिकता निर्धारण गर्नेछ।

१०. लाभग्राहीको अन्तिम सूची

(१) मूल्याङ्कन समितिले प्राथमिकता क्रमसहितको सूची तयार गरी गाउँपालिकामा पेश गर्नेछ।

(२) गाउँपालिकाले उपलब्ध बजेटको सीमाभित्र लाभग्राहीको अन्तिम सूची स्वीकृत गर्नेछ।

(३) स्वीकृत लाभग्राहीको नामावली सार्वजनिक गरिनेछ।

(४) क्रमागत कार्यक्रमको हकमा अघिल्लो आर्थिक वर्षमा स्वीकृत भई बजेट अभाव वा अन्य कारणले सम्पन्न हुन बाँकी लाभग्राहीलाई नयाँ लाभग्राहीभन्दा प्राथमिकता दिइनेछ।

परिच्छेद—५
सामग्री, सम्झौता तथा कार्यान्वयन

११. जस्ता तथा सामग्रीको परिमाण निर्धारण

(१) लाभग्राहीको घरको वास्तविक अवस्था र प्राविधिक नापजाँचका आधारमा आवश्यक जस्ता तथा सहायक सामग्रीको परिमाण निर्धारण गरिनेछ।

(२) सामग्रीको गुणस्तर तथा स्पेसिफिकेशन गाउँपालिकाको प्राविधिक शाखाले निर्धारण गर्नेछ।

(३) प्रत्येक परिवारलाई प्राविधिक मूल्याङ्कनबाट कायम भएको रकम वा अधिकतम रु. १,००,०००।) —एक लाख रुपैयाँ मध्ये जुन रकम कम (हुन्छ, सोही रकम अनुदानका रूपमा उपलब्ध गराइनेछ।

१२. सम्झौता

लाभग्राहीसँग अनुसूची—२ बमोजिम सम्झौता गरिनेछ।

सम्झौतामा कम्तीमा देहायका विषय खुलाउनुपर्नेछ‘

- उपलब्ध गराइने सामग्री;
- परिमाण तथा गुणस्तर;
- लाभग्राहीको योगदान;
- निर्माण सम्पन्न गर्ने अवधि;
- प्राविधिक मापदण्ड;
- अनुगमन तथा निरीक्षण;

- दुरुपयोग भएमा असुलउपर हुने व्यवस्था।

परिच्छेद—६
अनुगमन तथा प्रतिवेदन

१३. अनुगमन

(१) सम्बन्धित वडा कार्यालय र गाउँपालिकाले कार्यक्रमको नियमित अनुगमन गर्नेछ।

(२) प्राविधिक कर्मचारीले जस्ता वितरणपूर्व तथा छाना छाउने कार्य सम्पन्न भएपछि स्थलगत निरीक्षण गर्नुपर्नेछ।

(३) अनुगमन गर्दा स्वीकृत सामग्री प्रयोग भएको, छाना प्राविधिक रूपमा सुरक्षित रहेको र लाभग्राहीले सामग्रीको दुरुपयोग नगरेको सुनिश्चित गरिनेछ।

१४. कार्यसम्पन्न तथा प्रतिवेदन

(१) छाना छाउने कार्य सम्पन्न भएपछि प्राविधिक कर्मचारीले अनुसूची—३ बमोजिम कार्यसम्पन्न प्रतिवेदन तयार गर्नेछ।

(२) वडा कार्यालयले लाभग्राहीगत प्रगति विवरण तयार गरी गाउँपालिकामा पेश गर्नेछ।

(३) सम्बन्धित शाखाले कार्यक्रमको भौतिक तथा वित्तीय प्रगति समेटी वार्षिक प्रतिवेदन तयार गर्नेछ।

परिच्छेद—७
विविध

१५. दोहोरो सुविधा तथा दुरुपयोग

(१) झुट्टा विवरण पेश गरी लाभ लिएको प्रमाणित भएमा उपलब्ध गराइएको सामग्री वा त्यसको मूल्य प्रचलित कानूनबमोजिम असुलउपर गरिनेछ।

(२) एउटै घरपरिवारले एउटै प्रयोजनमा दोहोरो सहायता लिन पाउने छैन।

१६. गुनासो

कार्यक्रमसम्बन्धी गुनासो सम्बन्धित वडा कार्यालय वा गाउँपालिकामा पेश गर्न सकिनेछ। प्राप्त गुनासोको आवश्यक छानबिन गरी उचित निर्णय गरिनेछ।

१७. कार्यविधिको संशोधन

यस कार्यविधिमा संशोधन वा थपघट गर्न आवश्यक भएमा प्रचलित कानूनको अधीनमा रही गाउँ कार्यपालिकाले गर्न सक्नेछ।

१८. बाधा अड्काउ फुकाउने

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा प्रचलित कानूनसँग नबाझिने गरी गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

१९. प्रचलित कानूनबमोजिम हुने

यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रचलित संघीय तथा प्रदेश कानून र गाउँपालिकाका स्वीकृत कानूनबमोजिम हुनेछ।

अनुसूची—१
लाभग्राहीको आवेदन फाराम
दफा ७ सँग सम्बन्धित

श्री वडा अध्यक्षज्यू, मिति :
चुमनुब्री गाउँपालिका वडा नं. ——
गोरखा।

विषयः जस्ता छाउने कार्यक्रममा सहभागी गराइपाऊँ।

म/हामी यस गाउँपालिकाको विपन्न घरपरिवार जस्ता छाउने कार्यक्रममा सहभागी हुन इच्छुक भएकाले देहायको विवरणसहित यो आवेदन पेश गरेको छु/छौं।

१. आवेदकको विवरण

नाम, थरः .....
ठेगानाः .....
नागरिकता नं र जारी मिति.ः .....
सम्पर्क नं.ः .....
परिवार संख्याः ..... जना
मुख्य पेशाः .....

२. घरको विवरण

घरको स्वामित्वः □ आफ्नै □ अन्य
छानाको हालको अवस्थाः □ राम्रो □ जीर्ण □ अत्यन्त जीर्ण/चुहिने
छाना परिवर्तन गर्न आवश्यकः □ छ □ छैन

परिवारमाः
□ अपाङ्गता भएका व्यक्ति
□ ज्येष्ठ नागरिक
□ एकल महिला
□ असहाय व्यक्ति
□ अन्य .....

३. घोषणा

उपरोक्त विवरण सत्य रहेको र यसै प्रयोजनका लागि अन्य सरकारी निकायबाट दोहोरो सहायता नलिएको घोषणा गर्दछु। झुट्टा विवरण प्रमाणित भएमा कानूनबमोजिम सहुँला/बुझाउँला।

आवेदकको नामः .....
दस्तखत/ल्याप्चेः .....
मितिः .....

वडा कार्यालयको सिफारिसः
लाभग्राही छनौटका लागि मूल्यांकन समितिमा पेश गर्न सिफारिस गर्दछु ।

वडा अध्यक्षः .....
दस्तखतः .....
मितिः .....

अनुसूची—२
लाभग्राहीसँग गरिने सम्झौता
दफा १३ सँग सम्बन्धित

आज मिति ..... गते चुमनुब्री गाउँपालिका,..... वडा कार्यालय र श्री/श्रीमती ..... बीच विपन्न घरपरिवार जस्ता छाउने कार्यक्रमअन्तर्गत देहायबमोजिमको सम्झौता गरियो।

१. लाभग्राहीको नामः .....
२. ठेगानाः वडा नं. ....., ...
३. उपलब्ध गराइने जस्ताः ..... पाता
४. अन्य सामग्रीः .....
५. सामग्रीको अनुमानित लागत मूल्यः रु. .....
६. लाभग्राहीको योगदानः .....

सम्झौताका मुख्य शर्त

(क) उपलब्ध सामग्री स्वीकृत घरको छाना छाउन मात्र प्रयोग गर्ने।
(ख) सामग्री बिक्री, हस्तान्तरण वा अन्य प्रयोजनमा प्रयोग नगर्ने।
(ग) प्राविधिक कर्मचारीको निर्देशनअनुसार छाना छाउने।
(घ) तोकिएको अवधिभित्र कार्य सम्पन्न गर्ने।
(ङ) गाउँपालिका/वडा कार्यालयबाट हुने अनुगमनमा सहयोग गर्ने।
(च) सामग्री दुरुपयोग वा झुट्टा विवरण प्रमाणित भएमा प्रचलित कानूनबमोजिम कारबाही तथा असुलउपर स्वीकार गर्ने।
(ज) जस्ताको स्पेसिफिकेशन कार्यालयले तोके बमोजिम हुनेछ ।
(ज) जस्ता छाउने कार्य सम्पन्न भए पश्चात प्राविधिक निरिक्षण प्रतिवेदनका आधारमा जस्ताको बिल तथा ढुवानी भरपाईका आधारमा लाभग्राहीले भुक्तानी पाउनेछन ।
(झ) जस्ता छाउन आवश्यक काठ तथा अन्य सामग्री बन्दोबस्त लाभग्राही आफैले गर्नु पर्नेछ ।
(ञ) कार्यक्रम कार्यान्वयनका क्रममा गाउँपालिका/वडा कार्यालयबाट प्राप्त सुझाव तथा निर्देशनको पालना लाभग्राहीले अनिवार्य रूपमा पालना गर्नु पर्नेछ ।

वडा कार्यालयको तर्फबाट

नामः .....

पदः .....

दस्तखतः .....

लाभग्राही

नामः .....

दस्तखत/ल्याप्चेः .....

अनुसूची—३

प्राविधिक निरीक्षण तथा कार्यसम्पन्न प्रतिवेदन
दफा १५ सँग सम्बन्धित

लाभग्राहीको नामः .....
ना प्र प नं र जारी मिति : .....
वडा नं.: ..... बस्तीः .....
स्वीकृत जस्ता परिमाणः ..... पाता
वितरण भएको परिमाणः ..... पाता

जाँचको विषय	अवस्था
स्वीकृत लाभग्राहीको घर	☐ हो ☐ होइन
स्वीकृत परिमाणमा सामग्री प्रयोग	☐ हो ☐ होइन
छाना छाउने कार्य सम्पन्न	☐ हो ☐ होइन
प्राविधिक रूपमा सुरक्षित	☐ हो ☐ होइन
सामग्री अन्य प्रयोजनमा प्रयोग भएको	☐ छैन ☐ छ
कार्य सम्पन्न फोटो	☐ संलग्न ☐ असंलग्न

प्राविधिक रायः
.....

उपरोक्त कार्य स्थलगत निरीक्षण गर्दा स्वीकृत मापदण्डअनुसार सम्पन्न भएको देखिएकोले कार्यसम्पन्न भएको प्रमाणित गर्दछु।

प्राविधिकको नामः .....
पदः .....
दस्तखतः .....
मितिः .....

वडा कार्यालयको प्रमाणितः
वडा अध्यक्षः .....
दस्तखतः .....
मितिः .....

अनुसूची—४
लाभग्राही छनोट मूल्याङ्कन फाराम

१.लाभग्राहीको नामथर : २. ना प्र प नं र जारी मिति:

२.ठेगाना :

क्र.सं.	सूचक	भएको	नभएको
१	आर्थिक विपन्नता		
२	छाना जीर्ण/असुरक्षित अवस्था		
३	अपाङ्गता/असहाय ज्येष्ठ नागरिक		
४	परिवारको आकार/आश्रित सदस्य		
५	विपद् तथा मौसमजन्य जोखिम		
६	विगतमा सहायता नपाएको		

स्थलगत निरीक्षण आवश्यकः □ हो □ होइन

आवेदकलाई प्राप्त अंकका आधारमा लाभग्राही सूचीमा समावेश गर्न सिफारिस गरिन्छ।

१. वडा अध्यक्ष श्री ..... संयोजक

२. वडा सदस्यहरू (सबै) ..... सदस्य

३. वडा प्राविधिक कर्मचारी श्री ..... सदस्य

४. प्रमुख राजनीतिक दलका प्रतिनिधी एक/एक जना सदस्य

५. वडा सचिव श्री ..... सदस्य सचिव

अनुसूची—५
वार्षिक प्रगति प्रतिवेदन

वडा	स्वीकृत लाभग्राही	जस्ता वितरण	छाना सम्पन्न	बाँकी	खर्च रकम
१					
२					
३					
४					
५					
६					
७					
जम्मा					